# भगवतीमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बेस्तडा, दैलेख
कर्णाली प्रदेश, नेपाल

## बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६/१०/१९ गते

१. यस कार्यालयको आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत बार्षिक कार्यक्रमअनुसार देहायमा उल्लेखित निर्माण कार्यहरु बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजतपत्र प्राप्त ईच्छुक निर्माण व्यवसायींहरुवाट निम्न शर्तहरुको अधिनमा रहि रित पूर्वकको बोलपत्र आह्वान गरिन्छ।

२. यो सुचना प्रकाशित भएको मितिले ३०औं दिनभित्र कार्यालय समयमा नविकरण भएको इजाजतपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७५/०७६ सम्म कर चुक्ता प्रमाण-पत्र, अन्य ठेक्का सम्बन्धी कागजात सहितको प्रमाणित प्रतिलिपिहरु संलग्न गरि तपसिलमा उल्लेखित रकम (पछि फिर्ता नहुने गरी) ठेक्का ननम्बर १३ र १४ को हकमा यस कार्यालयको राजस्व शाखामा नगद बुझाई बोलपत्र फारम कार्यालयबाट उपलब्ध गराउन सकिनेछ र ठेक्का नम्बर १२ को लागि विद्युतिय संचारको माध्ययमबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको Double portal (www.ppmo.gov.np) मा गई बोलपत्र फाराम Download गरि E-biding द्वारा बोलपत्र दाखिला गर्नुपर्नेछ।

३. बोलपत्रको प्रत्येक पानामा सहिछाप गरी देहाय बमोजिमको कार्यको लागि निम्नानुसारको धरौटी रकम बापत बोलपत्र साथ कम्तिमा ४ महिना (१२० दिन) म्याद भएको जमानीपत्र (बिड बण्ड) वा यस कार्यालयको नाममा प्रभु बैंकको शाखामा रहेको खाता नं. १७७००२०१०९३२८८००००४ धरौटी खातामा धरौटी बापतको रकम जम्मा गरेको सक्कल बैङ्क भौचर र ठेक्का नम्बर १२ को लागि बैङ्क भौचर Scan copy समेत बोलपत्रका साथ पेश गरी E-biding द्वारा बोलपत्र दर्ता गर्नु पर्नेछ। थप जानकारीको लागी आवश्यक भएमा कार्यालय समयमा यस कार्यालयको पुर्वाधार शाखामा सम्पर्क राख्न सकिनेछ। ठेक्का नम्बर १२ को लागि बोलपत्र साथ तल तोकिएको बोलपत्र दस्तुर वापतको रकम यस कार्यालयको प्रभु बैंकको शाखामा रहेको संचित खाता नं १७७००२०१०९३२८८००००१ मा जम्मा गरेको बैक भौचरको Scan copy समेत बोलपत्र साथ पेश गर्नुपर्नेछ बोलपत्र स्वीकृत भएपछि आफूले कबोल गरेको अंकको ५ प्रतिशतले हुने रकम तथा १५ प्रतिशत भन्दा बढि घटेकोमा घटी कबोल अंक को ५० प्रतिशतमा ५ प्रतिशत थप गरी सोही धरौटी खातामा जम्मा गरेको बैङ्क भौचर वा घटीमा सम्झौता म्याद समाप्त हुने मितिले १३ महिना (३९० दिन) म्याद भएको कार्य सम्पादन बैङ्क जमानीपत्र (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ।

४. प्रथम पटक सूचना प्रकाशित मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा बोलपत्र दर्ता गर्नु पर्ने छ र ठेक्का न : १२ को लागि E-biding द्वारा बोलपत्र पेश गर्नु पर्ने छ। बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा उक्त दिनको लगतै कार्यालय खुलेको दिन सोही समय भित्र खरिद र दाखिला गर्न सकिने छ।

५. दर्ता भएको बोलपत्र ३१औं दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. बोलपत्रको दररेट आइटममा अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।

७. संयूक्त उपक्रम (Joint Venture) को रुपमा बोलपत्र खरिद वा दाखिला गर्दा बढिमा ३ वटा फर्महरुको एउटा संयूक्त उपक्रम बनाई बोलपत्र खरिद वा दाखिला गर्न सकिने छ। तर यस्तो संयूक्त उपक्रममा सबै फर्महरुको प्रमाण-पत्र सहित शेयर खुलेको संयुक्त लगानी सम्बन्धी सक्कलै सम्झौता बोलपत्र साथ पेश गर्नुपर्नेछ। यसरी संयूक्त उपक्रममा समावेश भएका साझेदारहरुको हिस्सा कम्तिमा २५ प्रतिशत हुनुपर्नेछ र मूख्य साझेदारको हिस्सा ४० प्रतिशत वा सो भन्दा बढि हुनुपर्नेछ र संयूक्त उपक्रममा समावेश भएका फर्महरुले अर्को छुट्टै बोलपत्र खरिद र दाखिला गर्न पाईने छैन।

८. बोलपत्रदाताले E-Biddding बाट एक पटक पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्त कार्य E-bidding प्रकृयाबाटै गर्नुपर्ने छ।

९. E-Biddding मार्फत बोलपत्र पेश गर्ने बोलपत्रदाताहरुले अनिवार्य रुपमा बोलपत्र खोलिने मितिले सात दिनभित्र आफुले पेश गरेको बोलपत्र सम्बन्धी सम्पूर्ण कागजातको सक्कलप्रति (HARD COPY) यस कार्यालयमा पेश गर्नुपर्ने छ।

१०. बोलपत्र पेश गर्ने निर्माण व्यवसायीले आफु यो काम गर्न योग्य छु भनि स्वघोषणा पत्र अनिवार्यरुपमा पेश गर्नु पर्नेछ।

११. बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१२. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, संशोधन सहित र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ।

१३. अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ।

| ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्टीन्जेन्सि वाहेक) | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| BRM/WS/NCB/12/076/77 | बेस्तडा वृहत खानेपानी आयोजना भगवतीमाई वडा नं. १ र २ | रु. १०११२२९९.०९ | ३००० | रु.३०४००० |
| BRM/ WS /NCB/13/076/77 | भक्केमुला राउचौर बरबाटा खानेपानी आयोजना भगवतीमाई वडा नं. १ | रु.४२७३००५.६० | ३००० | रु. १२८००० |
| BRM/WS/NCB/14/076/77 | थुवा वडालेख चौरेबारी खानेपानी आयोजना भगवतीमाई वडा नं. ५ | रु. ४२५९९५१.४० | ३००० | रु.१२७००० |

प्रमुख प्रशासकीय अधिकृत